रौतहट जिल्लाको परोहा नगरपालिकाको तेजापाकड गाउमा निर्धन उत्थान लघुवित्त वित्तीय संस्थाद्वारा

# ग्राहक सदस्यहरुको लागि वित्तीय साक्षरता तालिम सम्पन्न




काठमाण्डौं नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाका आफ्ना ९९ जना ग्राहक सदस्यहरुको सहभागितामा **२०७५ चैत्र ०५ गते** रौतहट जिल्लाको तेजापाकडमा **"ग्राहक सदस्यहरुकोलागि वित्तीय साक्षरता तालिम"** सम्पन्न गरेको संस्थाका गौर शाखा कार्यालयका शाखा प्रमुख श्री मकबुल खानले जानकारी गराएका थिए । यस तालिममा सहजकर्ताहरु श्री राधेश्याम साहनी र श्री मकबुल खान रहेका थिए । तेजापाकड समूहका प्रमुख लाखपती देवीले मैनबत्ती बालेर तालिमको उद्घाटन तथा क्षेत्रीय कार्यालय बिरगंज पर्साका कार्यक्रम अधिकृत श्री राधेश्याम साहनीले मन्तव्य दिनुभएको थियो ।

एक परिवारमा एक जना उद्यमी बनाउन संस्थाले पहल गरी रहेको संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिई रहेको यस संस्थाबाट कर्जा लिई व्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नततिर अगाडि बढेको समेत संस्थाका कार्यक्रम अधिकृत श्री राधेश्याम साहनीले बताएका थिए । यस संस्थाको बसन्तपट्टी शाखाका शाखा प्रमुख श्री मकबुल खानले तालिममा सहभागीहरुलाई स्वागत मन्तव्य दिनुका साथै तालिमको उद्देश्य बारेमा प्रकाश पारेका थिए ।

यस तालिममा ग्राहक सदस्यहरुले वित्तीय साक्षरता तालिम एक परिचय, वित्तीय साक्षरताको महत्व, उद्देश्य, वित्तीय लक्ष्य निर्धारण, बचत परिचालन, कर्जा ब्यवस्थापन तथा कर्जा सदुपयोगिता, वित्तीय अनुशासन, सेवा सुविधाको छनौट



प्रक्रिया तथा आम्दानी खर्च, जोखिम व्यवस्थापन, बिमा, विप्रेषण सेवा, ब्यवसायिक योजना, ब्यवसायिक योजना बनाउँदा ध्यान दिनु पर्ने कुराहरु, बचतको महत्व तथा बैंकको पब्लिक डिपोजिटको बारेमा, संस्थाले प्रदान गरी रहेका सेवाहरु , खर्चको बजेट बनाउदा चाहना भन्दा अवश्यकतालाई बढि प्राथमिकता दिने र बचत गर्दा मेरो पैसा कहाँ सुरक्षित हुन्छ, कुन बैक तथा वित्तीय संस्थामा बढी ब्याज

पाइन्छ सोको जानकारी लिई मात्र बचत गर्ने बारेमा यस तालिममा सहभागीहरुले जानकारी हासिल गरेको संस्थाका कार्यक्रम अधिकृत श्री राधेश्याम सहानीले बताएका थिए ।

यो निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड ७ वटै प्रदेशका देशको ७७ वटै जिल्लाहरुको शाखा संञ्जाल रहेको नेपालको एक मात्र सबै भन्दा ठूलो लघुवित्त संस्था हो । संस्थाले १८२ वटा शाखाहरु, १० वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालयगरी १९३ वटा कार्यालयहरुको स्थापना गरी संस्थाले लघुवित्त सेवा पुऱ्याई रहेको छ । संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका विपन्न परिवारका महिलाहरुलाई समूहमा आवद्ध गराई विनाधितो लगानी गर्नुका साथै सीप मूलक तालिम, उद्यमशीलता विकास तालिम, सचेतनामूलक कार्यक्रमहरु संचालन गर्दै आर्थिक, सामाजिक, बौद्धिक विकास गर्दै आई रहेको छ । यस संस्थाले देशको कुनाकुनामा शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीप विकास तालिम प्रदान गर्दै आईरहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आईरहेको छ ।

संस्थाले २०७५ माघ मसान्त सम्ममा ३ लाख ४१ हजार ३८४ घरपरिवारहरुमा सेवा विस्तार गरेको छ । संस्थाले २०७५ माघ मसान्त सम्ममा लगानीमा रहेको कर्जा रु. १७ अरब ५३ करोड रहेको छ भने ग्राहक सदस्यहरुको ९ अरब ८० करोड  बचत परिचालन गरेको छ । ब्यवसाय गरी रहेका संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदान गर्न यस तालिममा सहभागी गराईएको संस्थाका कार्यक्रम अधिकृत श्री राधेश्याम सहानीले बताएका थिए ।